# पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकीको त्रैमासिक बुलेटिन (प्रथम त्रैमासिक)

## क्वारेन्टाइन बुलेटिन


पशु क्वारेन्टाइन सेवाको आवश्यकतालाई महसुस गरी २०३९/४० सालमा देशका विभिन्न स्थानमा २४ वटा क्वारेन्टाइन चेकपोष्टहरुको स्थापना भएको थियो जस अन्तर्गत गड्डाचौकी, बेलौरी कंचनपुर र सत्ति कैलालीमा चेकपोष्टको स्थापना भएको थियो ।हाल पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी अन्तर्गत चारवटा चेकपोष्ट (गड्डाचौकी, बेलौरी, धनगढी, दार्चुला) हरु रहेका छन। आ.व. २०८२/८३ को सुरुवाती सँगै कार्यालयको स्विकृत वार्षिक कार्यक्रमहरु चारवटै चेकपोष्टहरुमा समानान्तर रुपमा बाडफाँड गरी सोहि अनुसार कार्य गर्दा यस आ.व. मा क्वारेन्टाइनका कामहरु थप उत्साहजनक र प्रभावकारी भएको पाइन्छ। यस कार्यालयले सार्वजनिक बिदाका दिनमा समेत आफ्नो कार्य जिम्मेवारी पुरा गरेको छ साथै यस आ.व मा सिमावर्ति क्षेत्रमा पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थहरुको ओसारपसार बढ्दो रहेको भन्ने स्थानियहरुको जनगुनासोलाई मध्यनजर गर्दै सिमावर्ति क्षेत्रमा सञ्चालनमा रहेका पशुपन्छी फर्महरुको विवरण (फर्ममा पशुपन्छी पालनको इतिहास, खरिद गरेको फर्म तथा ह्याचरी आदि बारे जानकारी लिने उद्धेश्यका साथ) संकलन गरी कार्यालयमा अधावधिक गरीयो। त्यसैगरी सुदुरपश्चिम प्रदेशका विभिन्न जिल्ला विशेष गरी कैलाली र कञ्चनपुरका विभिन्न क्षेत्रमा खुरफाँटा जनावरहरुमा महामारीको रुपमा फैलिने खोरेत रोग र गाई/भैसिमा देखा पर्ने लम्पि स्किन रोगको प्रकोप देखिए पश्चात पशु फर्महरुबाट नमूना संकलन गरी पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी कैलाली र खोरेत तथा सिमा बिहिन पशु रोग अन्वेषण प्रयोगशाला बुढानिलकण्ठ काठमाण्डौमा रोग निदानका लागी नमूना पठाई त्यसको नतिजा सम्बन्धित स्थान सम्म पुर्याएका छौ। छिमेकी मुलुक भारतको उत्तराखण्ड प्रदेशको यू.एस नगर र बागेश्वर जिल्ला (सुदुरपश्चिम प्रदेश अन्तर्गत कञ्चनपुर र कैलाली जिल्लाबाट नजिकको दूरीमा रहेको) मा Avian Influenza H5N1 बर्ड फ्लु देखिएको भनि विभिन्न भारतिय सूचना र संचार माध्यमबाट प्रकाशन भई सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरीसकेको भन्ने सूचना प्राप्त भए लगत्तै उक्त रोगलाई नेपालमा भित्रिन नदिन कञ्चनपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी सहित पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर, साथै सुरक्षा निकाय विच संयुक्त रुपमा नाका अनुगमन, गस्ती गरी सीमाक्षेत्रमा जनचेतना अभिवृद्धि फैलाउने कार्य सम्पन्न भयो। क्वारेन्टाइन कार्यालयले नियमित रुपमा सिमा नाकाको अनुगमन गरी नेपाल सरकारद्धारा प्रतिवन्धित पन्छि तथा पन्छीजन्य पदार्थहरु सुरक्षा निकायसँग सहकार्य गरी नष्ट गर्दै आएको छ। पशु क्वारेन्टाइन कार्यालय गड्डाचौकी र अन्तर्गतका चेकपोष्टहरुबाट निर्यातको अवस्था शून्य रहेको छ भने आयातित पशुजन्य पदार्थ (पशु दाना, माछा दाना, फिड सप्लिमेन्ट) को क्वारेन्टाइन जाचँ गरी गुणस्तरीय दाना पदार्थ आयातमा सहजिकरण गर्दै आएको छ ।

विडम्वना क्वारेन्टाइन कार्यालयले सरोकारवाला निकायहरुसँग नियमित रुपले समन्वय गरी नाका अनुगमन गर्दै गर्दा पनि खुल्ला सिमा नाकाका कारण अवैध रुपले हुने पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थहरुको चोरी पैठारी तथा निकासिमा पूर्ण रुपले रोक लगाउन असहज देखिएको छ।आगामी दिनहरुमा अहिलेको भन्दा उच्चतम, गुणस्तरीय र प्रभावकारी सेवा प्रदानको उद्धेश्य रहेको हुदाँ सरोकारवाला निकायको सहयोग र सदभावका लागी विनम्र अनुरोध छ।

यस कार्यालय र अन्तर्गतका चेकपोष्टहरुबाट पहिलो त्रैमासिकमा आयातित पशुजन्य पदार्थ (पशु दाना, माछा दाना) हरुको विवरण चित्र मार्फत उल्लेख गरिएको छ ।साथै खुरफाटाँ जनावरहरुमा महामारीको रुपमा फैलिने खोरेत रोग र गाई/भैसिमा देखा पर्ने लम्पि स्किन रोगको रोकथामका उपायहरु समेत तल उल्लेख गरीएको छ ।

**Visit our website via QR code Scan**

### पहिलो त्रैमासिकमा आयातित पशु तथा पशुजन्य पदार्थहरुको विवरण




### अबैध पैठारी भएका पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्री नस्ट विवरण:

| क्र सं | विवरण | इकाइ | जम्मा |
|---|---|---|---|
| १ | ब्रोइलर कुखुरा | संख्या | १९०० |
| २ | सेतो अण्डा | संख्या | १५० |
| ३ | खाने माछा | के.जि. | २० |
| ४ | कुखुराको चल्ला | संख्या | ३६० |

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर

# क्वारेन्टाइन बुलेटिन

**कैलाली र कञ्चनपुरमा समय समयमा खुरफाँटा जनावरहरुमा महामारीको रुपमा देखा पर्ने खोरेत र लम्पि स्किन रोग बारे संक्षिप्त जानकारी**

## १. खोरेतः

विषाणुका कारण खुरफट्टा पशुहरुमा लाग्ने अति संक्रामण सरुवा र सिमाविहिन पशु रोग हो। आर्थिक क्षति पुर्याउने हिसावले यो रोग निकै महत्वपूर्ण मानिन्छ। यो रोग पिकोर्नाभिरिडि अन्तर्गतको एप्थोभाइरसका कारण लाग्ने गर्दछ। यो विषाणुका ७ वटा सेरोटाइपहरु पाइन्छन ( A, O, C, Asia1, Sat1, Sat2, Sat3 ) ।जसमध्ये नेपालमा "O" सेरोटाइप पटक-पटक प्रकट भइरहन्छ भने C सेरोटाइप सन १९९६ यता देखा परेको छैन । हालै पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी कैलालीको प्राविधिक टोलिले कञ्चनपुर जिल्लाबाट संकलन गरेको नमूनाको परीक्षण गर्दा "A" सेरोटाइप पुष्टि भएको छ ।

**रोगका लक्षणहरुः**

- ज्वरो आउने र मुखवाट र्याल काढ्ने
- जिब्रो, थुतुनो वरीपरी, गिजा खुरका कापमा पानी भरीएका फोका उठ्ने र २४ घण्टा पछि फोकाहरु फुट्ने र घाउँ बन्ने ।
- खुट्टा भुइमा टक्टकाउने र खोच्चाएर हिड्ने ।
- कल्चौंडी र थुनहरुमा समेत फोका उठ्ने ।
- थुनेलो हुने, दुध उत्पादन घट्ने, गर्भ तुहिने, पाडापाडी तथा बाच्छाबाच्छी मर्ने आदी ।



**उपचार तथा रोकथामका उपायहरुः**


- ❖ विषाणुका कारण लाग्ने रोग भएकाले खास उपचार छैन तर Secondary Bacterial Infection हुनबाट रोक्नका लागी Broad Spectrum Antibiotic प्रयोग गर्ने ।
- ❖ मुख तथा खुट्टाका घाउहरुलाई एन्टिसेप्टिक औषधिले सफा गर्ने ।
- ❖ रोगी पशुलाई अलग्गै राख्ने, नियमित खोर तथा गोठको सरसफाईमा ध्यान दिने ।
- ❖ नियमित खोपको प्रयोग गर्ने ।

## २. लम्पि स्किन रोगः

विषाणुका कारण विशेष गरी गाई/भैसिमा लाग्ने अत्याधिक संक्रामण गराउने सिमाविहिन पशु रोग हो । सर्वप्रथम यो रोग नेपालमा २०७७ सालमा पुष्टि भएको थियो । यस रोगमा मृत्युदर कम भए पनि दुध उत्पादन घट्ने, मासु उत्पादनमा ह्रास आउने, गर्भ तुहाउने, बाझोपना सृजना गर्ने, छालाको गुणस्तर घटाउने भएकाले आर्थिक नोक्सानीका दृष्टिकोणले यो रोग महत्वपूर्ण मानिएको छ ।यो रोग पक्सभिरिडि अन्तर्गतको क्याप्रिपक्स भाइरसका कारण लाग्ने गर्दछ ।

**लक्षणहरुः**

- उच्च ज्वरो आउने (१०५.८ ⁰F)
- छालामा १-५ से.मी सम्मका गाठाहरु देखिनु (विशेष गरी घाटी र पछाडीको भाग तिर)।
- खुट्टा सुन्निएर लङ्गडोपना देखिने ।
- मुख, नाकको फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाठाँहरु देखिन्छन ।
- शरीरका बाहिरी भागमा छाम्न सकिने लिम्फनोडहरु जस्तै सुपरफिसियल लिम्फनोडहरु सुन्निन्छन ।



**उपचार तथा रोकथामका उपायहरुः**

- ❖ विषाणुका कारण लाग्ने रोग भएकाले खास उपचार छैन तर पशु चिकित्सकको सल्लाह बमोजिम थप विषाणुजन्य संक्रमण हुनबाट बचाउनका लागी एन्टिहिस्टामिनिक र एन्टिबायोटिक औषधीहरु प्रयोग गर्ने।
- ❖ शरीरमा भएका घाउ खटिराहरुको नियन्त्रणका लागी एन्टिसेप्टिक झोलले नियमित सरसफाई गर्ने र झिंगाहरु हटाउन मल्हम प्रयोग गर्ने ।
- ❖ यो रोग झिगा, किर्ना तथा उपियाको टोकाइबाट सर्ने भएकाले यिनिहरुको नियन्त्रणका लागी नियमित खोर तथा गोठको सरसफाई गर्ने ।
- ❖ मरेका पशुहरुलाई खाडलमा राम्रोसँग गाड्ने ।
- ❖ नियमित खोपको प्रयोग गर्ने ।
- ❖ रोगको शंका लागेमा चाडोभन्दा चाडो नजिकैको पशु सेवा शाखा तथा पशु क्वारेन्टाइन कार्यालयमा जानकारी दिने ।

**सम्पादक मण्डलः**
डा. अरुण खनाल, पशु चिकित्सक
प्रविन खाती, पशु स्वास्थ्य प्राविधिक

पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी, कंचनपुर

कार्यालयः-०९९-४०२१३३ प्रमुखः-९८५८०७७१३२ सूचना अधिकारीः-९८५८०७७१३३ गड्डाचौकी चेकपोस्टः-९८५८०७८१३४ धनगढी चेकपोस्ट :- ९८५८०७८०७१३६ बेलौरी चेकपोस्टः-९८५८०७८०७१३५ दार्चुला चेकपोस्टः९८५८०७८०७१३७ इमेलः- animalquarentinekanchanpur@gmail.com , aqogaddachauki@gmail.com